# नौबहिनी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बहाने, प्यूठान
५ नं. प्रदेश, नेपाल

## सवारी साधन तथा एम्बुलेन्स खरिद सम्बन्धी सिलबन्दी बोलपत्र/दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५/०७/१० गते)

१. यस कार्यालयलाई आवश्यक पर्ने 4WD Double Cab Pickup तथा Ambulance सप्लाई गर्न ईच्छुक उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारीक बिक्रेता (Importer) ले मात्र देहाय बमोजिमका शर्तहरुको अधिनमा रहिरित पूर्वकको बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

२. सूचना प्रकाशित भएको मिति देखी बोलपत्रको हकमा ३० औं दिन र दरभाउपत्रको हकमा १५ औं दिनको कार्यालय समय भित्र बोल पत्रदाता/दरभाउपत्र दाताले अध्यावधिक गरेको फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको ईजाजतपत्र, मूल्यअभिवृद्धि कर (VAT) मा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्र, आ. व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा आ. व. २०७४/०७५ को कर/आय विवरण पेश गरेको प्रमाणपत्र, उत्पादक कम्पनीबाट नेपालमा रहेको आधिकारीक बिक्रेता (Importer) लाई यस कार्यालयमा बोलपत्र/दरभाउपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरेको Manufacturer's Authorization Letter (तोकिएको ढाँचाअनुसार) का प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु निवेदन साथ पेश गरि नियमानुसार लाग्ने राजस्व दस्तुर यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट बैक बहाने, प्यूठानमा रहेको संचित कोष खाता नं., ०७६०१४००२५००९ मा दाखिला गरेको (फिर्ता नहुने) सक्कल भौचर बुझाई बोलपत्र/दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईनेछ।

३. खरिद गरिएका बोलपत्र/दरभाउपत्र फारमहरुको महलहरु बोलपत्र दाता/दरभाउपत्र दाताले स्पष्ट रुपमा भरी प्रत्येक पानामा सही छाप गरि सूचना प्रकाशित भएको मितिदेखी बोलपत्रको हकमा ३१औं दिनको १२:०० बजेभित्र र दरभाउपत्रको हकमा १६ औं दिनको १२:०० यस कार्यालयमा उपस्थित भई बोलपत्र/दरभाउपत्र दर्ता गरिसक्नु पर्नेछ।

४. बोलपत्र/दरभाउपत्र दाखिला गर्दा जमानत वापतको रकम यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट बैक बहाने, प्यूठानमा रहेको संचित कोष खाता नं., ०७६०१४००२५००९ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्रको हकमा कम्तिमा १२० दिन म्याद भएको र दरभाउपत्रको हकमा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानीपत्र (Unconditional Bid Bond) बोलपत्र/दरभाउपत्र साथ पेश गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वा पतको बैंक भौचर, रसिद वा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछीको हुनु पर्नेछ। बैंक जमानीपत्रको म्याद बोलपत्र/दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिदेखी हुनु पर्नेछ।

५. दर्ता हुन आएका सिलबन्दी बोलपत्र/दरभाउपत्र फारमहरु यस कार्यालयमा बोलपत्र/दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन दिउँसो १:०० बजे बोलपत्र/दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर बोलपत्र/दरभाउपत्रदाताहरु तथा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनिबोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र/दरभाउपत्र फारम खरिदगर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछी कार्यालय खुलेको दिन सोही समयमा हुने छन्।

६. रित नपुगेका र म्याद नाघि आएका बोलपत्र/दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन।

७. दर्ता हुन आएका बोलपत्र / दरभाउपत्रहरु स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. बोलपत्र/दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र/दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुने छन्।

९. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधनसमेत) अनुसार साथै नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुने छन्।

१०. अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र मोबाईल नं. ९८५७८३६०२० मा सम्पर्क गर्न सकिने छ।

| ठेक्कानं. | आवश्यक मालसामान | विवरण | आवश्यक संख्या | फारम दस्तुर रु. | जमानतरकम |
|---|---|---|---|---|---|
| NBRM/NCB/GOODS/01/2075/076 | Double Cab Pickup | 4WD, RHD Double Cab Pickup, Engine Power Output Not Less than 120 BHP & others are as per approved technical specification. | थान १ (एक) | ३,०००/- (बोलपत्र) | कबोल अंकको कम्तिमा २.५० प्रतिशत |
| NBRM/SQ/GOODS/01/2075/076 | Ambulance | RHD/4WD Hardtop Jeep type Vehicle, Engine Max. Power output not less than 60 BHP & Max. Torque Not less than 110 Nm@ governed rpm. Ground Clearance Minimum 180 mm. Others are as per approved technical specification. | थान १ (एक) | १,०००/- (दरभाउपत्र) | कबोल अंकको कम्तिमा २.५० प्रतिशत |

प्रमुख प्रशासकिय अधिकृत